१७ औं प्रतिदिन वार्षिकोत्सव

राष्ट्रिय दैनिक
# प्रतिदिन
PRATIDIN NATIONAL DAILY

**साक्षर समाज-सक्षम राष्ट्र ।**

- आत्मनिर्भर जीवनको लागि,
- रोजगारी र अवसरको लागि,
- सामाजिक विकास र समृद्ध राष्ट्रको लागि,
- लैंगिक, जातीय र क्षेत्रीय समानताको लागि,
- अधिकार र कर्तव्य बोधका लागि,
- स्वास्थ्य सम्बन्धी सचेतनाका लागि,
- आर्थिक सशक्तिकरणका लागि ।

त्यसैले शिक्षित बनौ, प्रगतिको पथमा लम्किऔं ।'

विज्ञापन बोर्ड

वर्ष-१७ ।। अङ्क : १९० ॥ २०८२ भाद्र ०५ गते बिहिबार (21st Aug 2025 Thursday) **Pratidin** National Daily मूल्य-रु.५/-

# देश बर्बाद पार्ने काममा कांग्रेस र एमाले जिम्मेवार-लिङ्देन

झापा(प्रस) ।राष्ट्रिय प्रजातन्त्र पार्टीका अध्यक्ष राजेन्द्रप्रसाद लिङ्देनले देश बर्बाद पार्ने काममा कांग्रेस र एमाले बराबर जिम्मेवार भएको आरोप लगाएका छन् । उनीहरुकै कारण आज देश पूर्णरुपमा बेरोजगार उत्पादन गर्ने कारखाना र भ्रष्टाचारीहरूले कमाई खाने मैदानमा परिणत भएको उनको गंभीर आरोप रहेको छ । झापाको भद्रपुरमा बुधवार आयोजित राप्रपा झापा क्षेत्र नम्बर ३ को क्षेत्रीय अधिवेशन घोषणा सभालाई सम्बोधन गर्दै पार्टी अध्यक्ष लिङ्देनले ती राजनीतिक दलहरुकै कारण परिवार चलाउन छोराछोरी बेचिनु परिरहेको बताए ।




सरकारले देशमै सय जनालाई रोजगारी दिने एउटा पनि उद्योगधन्दा स्थापना गर्न नसकेको बताउँदै लिङ्देनले भने, 'देशभित्र तपाई , तपाईको छोराछोरी र युवाहरूले गरीखाने वातावरण सृजना हुन सके कि सकेन त्यो महत्वपूर्ण कुरा हो ।'

'नेपाली काँग्रेस र नेकपा एमालेले मिलेर चलाएको देशको हालत हेर्नुहोस् त ! ' अध्यक्ष लिङ्देनले भने, ' देश लुट्ने बेलामा यिनीहरू एकै ठाउँमा उभिन्छन् ।' आज मन्त्रीहरूको बीचमा छिटो कमाउनेमा प्रतिस्पर्धा चलिरहेको दावी गर्दै उनले भने, 'कसले छिटो कमाउने, कसले धेरै कमाउने ।'

यो देश बनाउन काँग्रेस र कम्युनिस्टको विकल्पमा उभिने बेला आएको उनले बताए । 'त्यो शक्ति भनेको राप्रपा मात्रै हो,' उनले भने,' काँग्रेस, एमाले र माओवादी पार्टीविरुद्ध भन्दा पनि पार्टीको नाममा देशमा जुन लुटतन्त्र मच्चिरहेको छ त्यसको विरुद्धमा हामी उभिएका छौँ ।'

राप्रपाका कार्यवाहक क्षेत्रीय अध्यक्ष तुलसा आचार्यको अध्यक्षतामा भएको सभामा पार्टी सह-महामन्त्री भारतेन्दुकुमार मल्लिक, केन्द्रीय सदस्यहरू खुश्वु ओली, इनु अधिकारी, अञ्जार आलमलगायतले शुभकामना मन्तव्य राखेका थिए ।

यसैबीच सो अधिवेशनले क्षेत्रीय अध्यक्षमा रविचन्द्र ओझालाई निर्विरोध चयन गरेको छ । अधिवेशनले ओझाको नेतृत्वमा २२ सदस्यीय नयाँ कार्यसमिति गठन गरेको हो । समितिको उपाध्यक्षहरूमा खिवराज भट्टराई, तुलसा आचार्य र वीरबहादुर सिंह राजवंशी रहेका छन् । त्यस्तै सचिवमा हेमराज खनाल, कोषाध्यक्षमा पुनम लिम्बू , सहसचिव शिवलाल गिरी र जयप्रसाद तिम्सिना चयन भएका छन् ।

त्यसैगरी सदस्यहरूमा सुरेन्द्र बाह्रकोटी, बमबहादुर कन्दङ्वा, सरोजकुमार राई, चक्रप्रसाद ढकाल, पिंकी पौडेल, राधिका भट्टराई, अमृता बोगटी, तेजबहादुर चोङवाङ, केसमुदीन हक, भरतलाल राजवंशी, शिवकुमार भण्डारी, अर्जुनबहादुर विष्ट छेत्री, सङ्गीता थापा मगर र सोम तामाङ रहेका छन् । निर्वाचित पदाधिकारीहरूलाई राप्रपा अध्यक्ष लिङदेनले अबिर लगाइदिएर शुभकामना दिएका थिए ।

# उपसभामुख रानाका विषयमा झापाली जनता के भन्छन् ?

झापा(प्रस) । सत्ताघटक दुई दल नेपाली कांग्रेस र नेकपा एमालेले उपसभामुख इन्दिरा रानालाई हटाउने प्रक्रिया अघि बढाएका छन्।

सत्ता गठबन्धनसँग दुई तिहाइ बहुमत नभएपनि अन्य साना दलको सहयोग लिँदै सरकारले उनलाई पदबाट हटाउन लागेको हो। उपसभामुखलाई पदबाट हटाउन लागिएको यो दोस्रो पटक हो। यसअघिको प्रयास बहुमत नपुगेकै कारण असफल भएको थियो। तर यस पटक बहुमत पुर्याउने दाउ सत्ता पक्षमा रहेको छ। दुई वर्ष पुरानो



अमेरिकी भिसा प्रकरण ब्युँताउँदै उपसभामुख रानालाई पदबाट हटाउन दुई दल एकाएक सक्रिय भएका हुन् । पदअनुकूल आचरण नगरेको भन्दै रानाविरुद्ध प्रस्ताव दर्ता प्रयोजनका लागि प्रधानमन्त्री केपी शर्मा ओली र कांग्रेस सभापति शेरबहादुर देउवाको सहमतिमा दुवै दलले मंगलबार आफ्ना सांसदहरूको हस्ताक्षर संकलन गरेका छन् । उपसभामुखलाई हटाउन खोज्नुको प्रमुख कारण संवैधानिक नियुक्ति हो। संवैधानिक परिषद्मा बहुमत नपुगेकाले उपसभामुखलाई हटाउन प्रधानमन्त्री ओलीले सहयोग मागेको र अन्य दलसँग पनि कुरा गरेको भनी नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाले मंगलबारको पदाधिकारी बैठकमा जानकारी गराएका थिए। सत्ता पक्षले संवैधानिक परिषद्मा बहुमत नपुगेका कारण हटाउन लागेको तर्क गरेका छन्।

संविधानको धारा २८४ मा संवैधानिक परिषदसम्बन्धी व्यवस्था छ। प्रधानन्यायाधीश र संवैधानिक निकायका प्रमुख र पदाधिकारीहरुको नियुक्ति सिफारिसका लागि प्रधानमन्त्रीको अध्यक्षतामा संवैधानिक परिषद् रहने उक्त धारामा उल्लेख छ। संवैधानिक परिषद्मा प्रधानमन्त्री केपी शर्मा ओली अध्यक्ष, प्रधानन्यायाधीश प्रकाशमानसिंह राउत, प्रतिनिधिसभाको सभामुख देवराज घिमिरे, राष्ट्रिय सभाको अध्यक्ष नारायण दाहाल, विपक्षी दलको नेता पुष्पकमल दाहाल र उपसभामुख इन्दिरा राना सदस्य छन्।

संवैधानिक परिषद्मा सत्ता गठबन्धनतर्फबाट प्रधानमन्त्री र सभामुख मात्र दुई जना थिए। विपक्षमा राष्ट्रिय सभा अध्यक्ष, उपसभामुख र विपक्षी दलको नेता गरी तीन सदस्य छन्। प्रधान्यायाधीश तटस्थ भएका कारण प्रधानमन्त्री अल्पमतमा छन् । यसरी अल्पमतमा रहेका र संवैधानिक परिषद्को बैठक बोलाउँदा सत्ता गठबन्धन अनुकूल निर्णय नहुने भएपछि प्रधानमन्त्री ओलीले नेपाली कांग्रेसका सभापति देउवासँग छलफल गरेका थिए। निर्वाचन आयोगसहित केही संवैधानिक निकाय रिक्त रहेको छ। एक्कासी उपसभामुख हटाउनुको अर्को कारण भनेको राष्ट्रिय स्वतन्त्र पार्टीले पछिल्ला दिनहरूमा लगातार संसद्मा विरोध गर्दै आएको थियो। झापामा जन्मिएकी उनी पहिलो पटक सांसद बनेकी हुन्।

राष्ट्रिय स्वतन्त्र पार्टीको समानुपातिकतर्फबाट प्रतिनिधिसभा सदस्य बनेकी उपसभामुख राना राजनीतिमा आउनुअघि गैरसरकारी संस्था बन्दी सहायता नेपालकी अध्यक्षका रूपमा परिचित अनुहार हुन् । उपसभामुख रानालाई पदबाट हटाउन सत्ता साझेदार कांग्रेस र एमालेले गरिरहेको प्रयासबारे झापाली जनताले विरोध जनाएका छन् । हामीले केही प्रवुद्ध व्यक्तिहरुको प्रतिक्रिया लिएका छौं ।

उमानाथ ओली( पूर्व क्याम्पस प्रमुख मेची क्याम्पस)

गरिमामय संवैधानिक पदमा रहनु भएका उपसभामुख इन्दिरा रानालाई हटाउन आधार चाहिन्छ । संवैधानिक परिषदमा बहुमत पुर्याउनै लागि हटाउन खोज्नु राम्रो होइन । दुई वर्षअघिको विषयलाई उठाउनु कतिको रिजनेवल हो होइन , उपयुक्त हो होइन , त्यो नेपाली नागरिकले पक्कै विश्लेषण गर्छन् ।

लक्ष्मी न्यौपाने सरु( केन्द्रीय सदस्य नेकपा माओवादी केन्द्र)

उपसभामुख इन्दिरा रानालाई हटाउने दुष्प्रयास गर्नु गलत हो । कुनै पनि कुरामा अतिवाद राम्रो होइन । आफ्नो स्वार्थ अनुकूल हर्कत गर्न खोज्नु त्यसको परिणाम भोग्ने नै छन् ।

प्रकाश पाठक( कार्यवाहक सभापति रास्वपा झापा)

यो संवैधानिक परिषदमा बहुमत पुर्याउने खेल हो । संवैधानिक निकायहरु कब्जा गर्ने कुनियत प्रष्ट छ । उपसभामुखले दुई वर्षअघि लेखेको पत्रलाई निहुँ बनाउने हो भने संसदमा रहेका २७५ जना सांसदमाथि गंभीर आरोप लागिरहँदा उनीहरुलाई पनि कार्वाही गर्न सक्नु पर्यो नि ? अनि न न्यायसंगत हुन्छ ।

केशवप्रसाद ओझा( जिल्ला अध्यक्ष राप्रपा झापा)

यो बेमौसमी बाजा हो । संवैधानिक परिषदमा बहुमत पुर्याउनै लागि उपसभामुखलाई जवर्जस्त निकाल्न खोज्नु अनुचित छ । गंभीर अभियोग लागेका मन्त्रीहरुलाई संरक्षण गरिरहेको सरकारले उपसभामुखलाई हटाउन खोज्ने अन्यायपूर्ण कदम बन्द गरोस् ।

# बेलीब्रिज औपचारिक सञ्चालनमा



झापा(प्रस) । इलाम नगरपालिका वडा नं. ९ र ११ जोड्ने पुवा खोलामा निर्मित बेलीब्रिज औपचारिकरुपमा सञ्चालनमा आएको छ । इलाम झापा फास्ट ट्र्याकअन्तर्गत पुवा खोलाको बेलीब्रिज बुधबार भौतिक पूर्वाधार तथा यातायात मन्त्री देवेन्द्र दाहाल र नेपालका लागि भारतीय राजदूत नविन श्रीवास्तवले उद्धाटन गरेपछि सञ्चालनमा आएको हो ।

भारतीय सरकारको सहयोगमा निर्माण भएको उक्त पुल सञ्चालनमा आएसँगै ताप्लेजुङ, पाँचथर र ईलामका बासिन्दालाई झापासम्मको आवतजावत सहज भएको छ ।

पुल ४८ दशमलव आठ मिटरको रहेको सडक डिभिजन कार्यालय इलामका प्रमुख पवन भट्टराईले जानकारी दिए । एक करोड ४८ लाख रुपैयाँको लागतमा सागर-शुभारम्भ-एरिसा जेभीले सो पुल निर्माण गरेको हो ।

# पार्किङ गरेको ट्रकमा अचानक आगलागी

झापा(प्रस) । झापाको बिर्तामोडमा पार्किङ गरेको ट्रकमा अचानक आगलागी भएको छ । बुधवार दिउँसो ४.३० बजे बिर्तामोड वडा न.५ सुगम पेट्रोल पम्पनजिकै पार्किङ गरी राखेको ना ४ ख ४१८१ न.को ट्रकमा अचानक तार सर्ट भई आगलागी भएको हो ।

प्रहरी र स्थानीयहरुको सहयोगमा मोटरको पानी प्रयोग गरी आगो निभाइएको थियो ।

आगलागीबाट ट्रकको कागजपत्रसहित अगाडीपट्टी भित्रको क्याबिनको भाग र इन्जिनको भागसमेत आंशिक रुपमा जल्दा अन्दाजी ५ लाख बराबरको क्षति भएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।

# करेन्ट लगाएर माछा मार्दा युवकको मृत्यु



झापा(प्रस) । झापाको कमलमा करेन्ट लगाएर माछा मार्दा एक युवकको मृत्यु भएको छ । बुधवार दिउँसो अन्दाजी २ बजे कमल गाउँपालिका -३ खानपानी टोल बस्ने २१ वर्षीय उज्वल राई सोही ठाउँमा रहेको द्याङ्गी खोलामा करेन्ट लगाई माछा मार्न गएका थिए । माछा मार्ने क्रममा राई आफैलाईकरेन्ट लागेको थियो । घाइते भई उनी लडिरहेको अवस्थामा आफन्तले देखेर उपचारको लागि लाइफलाइन अस्पताल दमकमा पुर्याउनासाथ डाक्टरले मृत घोषणा गरेका थिए । मृतकको शव दमक अस्पताल दमकको शवगृहमा राखिएको र घटनाबारे थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।

# सहकारी संघको कार्यक्रमबाट महिला सहकारीकर्मीहरु उत्प्रेरित



बिर्तामोड(प्रस) । तीज पर्वको अवसर पारेर जिल्ला सहकारी संघ झापाले महिला सहकारीकर्मीहरुलाई उत्प्रेरणा प्रदान गरेको छ । महिला सहकारीकर्मीहरुकै अगुवाईमा जिल्ला सहकारी संघअन्तर्गत महिला उपसमितिको आयोजनामा बुधवार बिर्तामोडमा उत्प्रेरणामूलक कार्यक्रम सम्पन्न भएको हो । जिल्लाभरिका सहकारीबाट प्रतिनिधित्व गर्दै भेला भएका महिला सहकारीकर्मीहरु सहकारी संघको त्यस कार्यक्रमप्रति उत्साहित देखिन्थे । संघकी उपाध्यक्ष तथा महिला उपसमिति संयोजक देवी निरौला बस्नेतको अध्यक्षतामा भएको कार्यक्रममा बिर्तामोड नगरपालिकाका प्रमुख पवित्रा महतारा प्रसाईको प्रमुख आतिथ्य रहेको थियो । कार्यक्रममा नगर प्रमुख प्रसाई र नेपाल जेसीजका राष्ट्रिय प्रशिक्षक रश्मी शिल्पकारले महिला हक अधिकारका बारेमा प्रकाश पार्दै भात भान्सामा मात्र सीमित बस्न नहुने बताएका थिए । पुरुष प्रधान समाज भएर होला दिनभर सँगसँगै काम गरेका श्रीमान श्रीमती घर पुगेपछि श्रीमतीले छोराछोरी सासू ससुरा र भात भान्सा गर्नुपर्ने तर श्रीमान चाहिँ यत्तिकै बसिरहेको देख्दा समानता कागजमा मात्रै सीमित रहेको हो कि भनेर सोच्न बाध्य बनाएको नगर प्रमुख प्रसाईले बताइन् । नेपाल जेसीजका राष्ट्रिय प्रशिक्षक शिल्पकारले प्रमुख प्रशिक्षकको रुपमा उत्प्रेरणामूलक सहजीकरण गरेकी थिइन् ।

कार्यक्रममा संस्थाका सचिव भवानीप्रसाद दंगालले कार्यक्रमको औचित्यमाथि प्रकाश पार्दै जिल्ला सहकारी संघको वर्तमान अवस्थाका बारेमा जानकारी दिएका थिए ।

उनका अनुसार झापामा ७५६ वटा सहकारी संस्थाहरू क्रियाशील रहेको र तीमध्ये ४९३ वटा संस्था जिल्ला संघमा आबद्ध रहेका छन् । उनले समस्यामा परेका संस्थाहरूको संख्या २८ वटा रहेको र तीमध्ये ६ वटाको समस्या समाधान भइसकेको बताए । २८ वटामध्ये २४ वटा प्रदेश सहकारी रजिस्ट्रार कार्यालयको नियमन क्षेत्रभित्र र चारवटा पालिकाको नियमन क्षेत्रभित्रका सहकारीहरू रहेको सचिव दंगालको भनाइ छ ।

जिल्ला सहकारी संघका सदस्य देवीकुमारी अधिकारीले सञ्चालन गरेको कार्यक्रममा अर्का सञ्चालक सदस्य नीलाकुमारी दाहालले स्वागत मन्तव्य राखेकी थिइन् ।

# मेचीनगरको इटाभट्टामा साप्ताहिक हाट बजार शुरु

• **लक्ष्मी उप्रेती**

मेचीनगर ।झापाको मेचीनगर नगरपालिका वडा नम्बर– ७ इटाभट्टामा पहिलो पटक साप्ताहिकरुपमा हाट बजार सञ्चालनमा आएको छ । पहिलो पटक साप्ताहिकरुपमा हाट बजार सञ्चालनमा आएपछि स्थानीय किसान उत्साहित भएका छन् । यो हाट बजारबाट उपभोक्ताले अर्गानिक वस्तु उपभोग गर्न पाउने र किसान लाभान्वित हुने विश्वास लिइएको छ ।




मेचीनगरका किसान, घरेलु तथा साना उद्यमीबाट उत्पादित वस्तुको बजार प्रवर्द्धन गर्दै कृषकको लागतअनुरूपको प्रतिफल दिलाउन मेचीनगरमा साप्ताहिक हाट बजार शुरु गरिएको हो ।

मेचीनगर नगरपालिकाको पहल र वडा नम्बर– ७ को वडा कार्यालय इटाभट्टाको समन्वयमा बजार व्यवस्थापन समिति इटाभट्टाले हाटबजार सञ्चालनमा ल्याएको हो । हप्तामा एक पटक लाग्ने गरी बुधबारदेखि हाटबजार सञ्चालनमा आएको हो । बुधबार मेचीनगरको मुख्य बजार धुलाबारी तथा सिमापारीको पानीट्याङ्की बजार बन्द रहने भएका कारण पनि साप्ताहिक रुपमा यहाँको हाट बजार बुधबार लाग्ने बताइएको छ ।

मेचीनगर -७ को वडा कार्यालय परिसरमा नगरपालिकाले निर्माण गरेका टहरामा स्थानीय व्यापारीले खरिद गरेका र किसानले उत्पादन गरेका तरकारीलगायत अन्य वस्तु बेचबिखनका लागि राखेका थिए । उक्त साप्ताहिक हाट बजारको मेचीनगर नगरपालिकाका नगरप्रमुख गोपालचन्द्र बुढाथोकी र उपप्रमुख मीना पोखेल उप्रेतीले संयुक्तरुपमा

❖ बाँकी अन्तिम पृष्ठमा

# दमकमा आमाद्वारा छोरामाथि रड प्रहार



झापा(प्रस) । काम गर्न नगएको भन्दै दमकमा आमाले छोरामाथि रड प्रहार गरेकी छन् । बुधवार दिउँसो ४.३० बजे दमक ७ सयपत्री टोल बस्ने ६५ वर्षीया रुपा तामाङ घिमिरेले आफ्नै छोरा १४ वर्षीय लोके घिमिरेलाई काम गर्न नगएको भन्दै फलामको रडले टाउकोमा हानी घाइते बनाएकी हुन् । घाइतेलाई स्थानीय आधारभूत स्वास्थ्य चौकी लगिएको छ । उनको अबस्था बोल्न सक्ने मध्यम रहेको छ । कुटपिट गर्ने रुपालाई नियन्त्रणमा लिई इलाका प्रहरी कार्यालय दमकमा राखिएको छ ।

## मेचीनगरको ...

उद्घाटन गरेका छन् ।

नगरप्रमुख बुढाथोकीले प्रत्येक हप्ताको बुधबार हाटबजार लाग्ने व्यवस्था मिलाइएको बताए । हाटबजार नहुँदा किसानले उत्पादन गरेको तरकारी टोकरीमा राखेर घरघरमा बेच्दै हिँड्नुपर्ने बाध्यता रहेको चर्चा गर्दै नगर प्रमुख बुढाथोकीले हाटबजारले किसानलाई उत्पादन बेचबिखनमा सहज हुने विश्वास व्यक्त गरे ।

मेचीनगर नगरपालिकाका विभिन्न वडामा किसानलाई व्यवसायी तरकारी उत्पादनमा जोड दिँदै नगरपालिकाले कृषि सामग्री अनुदानलगायत बीउबिजनमा अनुदान दिँदै आए पनि उत्पादित वस्तु घरघरमा डुलाएर बेच्नुपर्ने बाध्यता रहेको नगप्रमुख बुढाथोकीको भनाई थियो ।

स्थानीय सरकारले किसानलाई उत्पादन गर्न समूह बनाएर विभिन्न सहयोग सामग्री दिएर सहयोग गरे पनि उत्पादन भएका वस्तु कहाँ लगेर बिक्री गर्ने भन्ने किसानलाई समस्या रहेका वखत यो साप्ताहिक हाट बजारले सजिलो हुने नगर उपप्रमुख मीना पोखेल उप्रेतीको भनाई छ ।

बाहिरबाट तरकारी आयात घटाउनका लागि किसानले उत्पादन गरेका तरकारी हाटबजारमा खुद्रा तथा थोकमा बेच्ने व्यवस्था मिलाइएको छ । हाटबजारमा बेचेर बचेको किसानको तरकारी स्थानीय व्यापारीले खरिद गर्छन् ।

हाटबजार सञ्चालनको पहिलो दिन आफ्नो उत्पादन राखेको र राम्रै बिक्री भएको स्थानीय व्यापारी नारायण निरौलाको भनाइ छ । निरौलाले जुत्ता चप्पल र कपडाको पसल राखेका थिए । पहिलो दिन व्यापार ठीकै भएको र आगामी दिनमा यस हाट बजारबाट आर्थिक कारोवार राम्रै हुने उनले अपेक्षा गरेका छन् । मेचीनगर–७ मदन वस्तीकी फुलमती राजवंशीले आफ्नै वारीमा फलाएको लट्टेको साग, लौका, काक्रा, गोलभैंडा, खुर्सानी बेच्न ल्याएको सुनाइन् । 'अहिलेसम्म तीनसय रुपैयाँको बिक्री भयो',उनले भनिन्, 'साँझसम्ममा राम्रै हुन्छ होला ।' स्थानीय छत्रबहादुर विकले आफैले उत्पादन गरेका फलामका सामग्रीले पहिलो दिन बजारमा राम्रै भाउ पाएकोमा खुशी व्यक्त गरे । हसियाँ, कोदालो, बञ्जरो, खुर्पा, सेलरोटी पकाउने ताई, रोटी पकाउने तावा कन्तीलगायतका सामग्री उनले हाट बजारमा राखेका थिए । हाट बजार नहुँदा आफूले उत्पादन गरेको यस्ता वस्तु टोकरीमा राखेर गाउँघरमा डुलाउँदैं घरघरमा बेच्दै हिँड्नुपर्ने बाध्यता रहेको विकको भनाई थियो ।

हाट बजार शुरु भएको पहिलो दिन कस्मेटिक व्यवसायी रजक मियाँ, मेची सुज सेन्टरका सञ्चालक जगत रम्तेलले पनि बजारमा आफ्ना उत्पादन विक्रीका लागि राखेको र विक्री ठीकै भएको बताए ।
स्थानीयले व्यावसायिक खेती नगरे पनि आफ्नै वारीमा उत्पादन गरेको सागसब्जी, घरमा खाएर बचेको तरकारी हाटबजारमा बेच्न ल्याएको बताए । मेचीनगर वडा नम्बर–७ का वडाध्यक्ष प्रल्हादमणि ओलीको अध्यक्षतामा भएको साप्ताहिक हाट बजारको उद्घाटन सत्रमा प्रमुख अतिथि नगरप्रमुख गोपालचन्द्र बुढाथोकी, विशेष अतिथि नेपाली काँग्रेस झापाका उपसभापति केशवराज पाण्डे,स्थानीय दिनेश राजवंशीलगायतले बोलेका थिए ।

उनीहरुले यस्ता गाउँठाउँमा लाग्ने साप्ताहिक हाट बजारले स्थानीय कृषक तथा व्यापारीहरुलाई बजारसम्म आफना उत्पादन पुर्‍याउन सहज हुने बताए । छरिएर रहेका साना व्यापारीहरुलाई एकत्रित गरे एउटै स्थानमा व्यवस्थापन गर्न तथा बजार व्यवस्थित पनि हुने र उपभोक्ताहरुलाई पनि सजिलो हुने उनीहरुको भनाई थियो । हाट बजार सञ्चालनमा आएसँगै अलपत्र अवस्थामा रहेका संरचनाहरु समेत उपयोगमा आएका छन् ।

बजार व्यवस्थापन समितिका अध्यक्ष खडानन्द भण्डारीले स्वागतसहित कार्यक्रमको औचित्यमाथि प्रकाश पारेका थिए भने वडा नम्बर –७ की वडा सचिव लक्ष्मी राईले कार्यक्रम सञ्चालन गरेकी थिइन् ।

## थप...

ल्याउन र अन्य वैकल्पिक नाकामा पूर्वाधारको व्यवस्था गर्न संघले सरकारलाई आग्रह गरेको छ । व्यवस्थापिका संसद्को विकास समितिले २०७२ सालमै उत्तरी नाकाको अवस्था अध्ययन गरी कोरला र ओलाङचुङगोला नाका सञ्चालनमा ल्याउन सकिने सुझाव दिएको थियो । नेपाल र चीन सरकारका उच्च अधिकारी एक दशकअघि नै द्विपक्षीय छलफलमा सात वटा उत्तरी नाका खोल्न सहमत भएका थिए । ती नाकामा तातोपानी, मुस्ताङको कोरला, संखुवासभाको किमाथाङ्का, दोलखाको लामाबगर, ताप्लेजुङको ओलाङचुङगोला, मुगुको आम्जापास, हुम्लाको यारी हिल्सा र गोरखाको लार्के थिए ।
कोरला नाका १२ मैना नै सञ्चालन गर्न सकिने अवस्थामा छ । कोरला नाकामा चीनतर्फ पूर्वाधार पनि तयार छ । नेपालतर्फ पनि कोरालासम्म सडक पुगिसकेको छ । ताप्लेजुङको ओलाङचुङगोला नाकाबाट पनि दुई मुलुकबिचको व्यापार सञ्चालन गर्न सकिने अध्ययनले देखाएको छ । भन्सार विभागको तथ्याङ्क अनुसार आर्थिक वर्ष २०८१/८२ मा तातोपानीबाट ५० अर्ब रुपियाँभन्दा बढीको र रसुवागढी नाकाबाट ८५ अर्ब रुपियाँभन्दा बढीको सामान आयात भएको छ ।

# दुई कानुन व्यवसायीको प्रमाणपत्र निलम्बनमा

झापा(प्रस) । नेपाल कानुन व्यवसायी परिषद्ले दुई जना कानुन व्यवसायीको प्रमाणपत्र निलम्बन गर्ने निर्णय गरेको छ । प्रमाणपत्र नम्बर ४६८ का वरिष्ठ अधिवक्ता सुमनचन्द्र कार्कीलाई ६ महिना कानुन व्यवसाय गर्न नपाउने गरी निलम्बन गरेको हो ।




वरिष्ठ अधिवक्ता कार्की कोशी प्रदेशमा रही कानुन व्यवसाय गर्दै आएका थिए । परिषद् सचिव श्रीराम खनालका अनुसार गत ३१ असारमा यस्तो सजायको निर्णय भएको हो । साउन अन्तिममा यसको जानकारी सर्वोच्च अदालतसमेतका मातहतका अदालतलाई दिइएको छ । प्रमाणपत्र नम्बर ४४०३ का अधिवक्ता लक्ष्मीप्रसाद पोखरेल कानुन व्यवसायी आचारसंहिता उल्लङ्घन गरेको भन्दै १ वर्ष कानुन व्यवसाय गर्न नपाउने गरी कानुन व्यवसायीको प्रमाणपत्र निलम्बन गरिएको छ ।
गत असार १३ गते अधिवक्ता रामबहादुर शाहलाई नसिहत सजाय गर्ने निर्णय भएको थियो । त्यस्तै २०८० मा मात्रै १४ जना कानुन व्यवसायीलाई सचेत गराइएको थियो । परिषद्ले २०८१ मा ४ जनालाई नसिहत सजाय दिइएको थियो ।

आचारसंहिता विपरीतका कार्य गरेमा परिषद्ले कानुन व्यवसायीमाथि कारबाही गर्न सक्छ। काउन्सिलको अनुशासन समितिमा महान्यायाधिवक्ता रमेश बडाल अध्यक्ष छन् भने सदस्यमा उपेन्द्रकेशरी न्यौपाने र चण्डेश्वर श्रेष्ठ छन्।

# औषधिजन्य लागूऔषधसहित गौरादहमा दुईजना पक्राउ

झापा(प्रस) । औषधिजन्य लागूऔषधसहित झापाको गौरादहमा दुईजना पक्राउ परेका छन् । मंगलवार राति ९.३० बजे गौरादह नगरपालिका वडा न.५ आठ नम्बर बाँधमा प्रहरी चौकी महारानीझोडाबाट खटिएको गस्ती टोलीले बाटोमा शंकास्पद अवस्थामा हिडिरहेको अबस्थामा दुईजनालाई लागूऔषधसहित पक्राउ गरेको हो । पक्राउ पर्नेहरुमा गौरादह ५ बस्ने २१ वर्षीय समिर सिवा र सोही ठाउँ बस्ने २५ वर्षीय शंकर सन्थाल रहेका छन् । उनीहरुको साथबाट प्रोमेथाजाइन हाइड्रोक्लोराइड २०० ट्याब्लेट र ट्रामाडोल हाइड्रोक्लोराइड



२०० क्याप्सुल फेला परेको छ । दुबै जनालाई नियन्त्रणमा लिई इलाका प्रहरी कार्यालय दमकमा ल्याई थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

उता मोरङको रंगेलीमा ठूलो मात्रामा ब्राउनसुगरसहित दुईजना भारतीय पक्राउ परेका छन् । मंगलवार साँझ ६ बजे रंगेली वडा नं.५ स्थित चा'दनी चोकमा सडकको छेउमा भारतीय नम्बर प्लेट भएको बीआर ३९इ३२९३ नं.को मोटरसाइकलमा अडेस लागेर बसेका २ जना ब्यक्तिहरुलाई शंका लागेर चेकजा'च गर्ने क्रममा उनीहरुको साथबाट प्लाष्टिकसहित १२१ ग्राम र प्लाष्टिकबाहेक १११.२७ ग्राम ब्राउनसुगर बरामद भएको थियो ।

लागूऔषधसहित भारतको विहार अररिया जिल्ला थाना सिक्टी मुरारीपुर वार्ड नं.१ बस्ने २९ वर्षीय इम्तियाज अन्सारी र सोही ठाउँ बस्ने ३२ वर्षीय नुर हसनलाई नियन्त्रणमा लिइ इलाका प्रहरी कार्यालय रंगेलीमा राखिएको छ ।


## बिमालेख हरायो

मेचीनगर निवासी डिकला गुरुङ्गको नाममा रहेको एल.आई.सि. २५४५०१७१० नम्बरको पोलिसी पेपर मेचीनगरबाट चन्द्रगढी जाने क्रममा २०८२/०२/१६ गते हराएको हुँदा भेट्नुहुने महानुभावहरुले नजिकको प्रहरी कार्यालय वा तलको नम्बरमा सम्पर्क गरिदिनुहोला ।

**सम्पर्क : आमा–देवी गरुङ**
**ठेगाना: -मेचीनगर–१०,घुलाबारी, झापा**
**मो:९८४२७४२५३८**

## हिमालयन लाइफ इन्स्योरेन्स लि.

प्रधान कार्यालय, काठमाण्डौ, नेपाल
फोन नं. ४४४१४१४, ४४४१७७८, ४४४१६६४

### हकदावी सम्बन्धी सूचना

यस कम्पनीबाट जारी तपशिलमा उल्लेख भएका बीमितहरुले बीमालेख हराएको/नासिएकोले प्रतिलिपि बीमालेखको लागि निवेदन पेश गरेको हुँदा उक्त बिमालेख उपर कसैको हकदाबी भए सो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र कम्पनीको केन्द्रीय कार्यालयमा सबुद प्रमाणसहित हकदाबी दर्ता गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । सो अवधिभित्र दाबी दर्ता नभएमा निवेदकहरुको माग बमोजिम प्रतिलिपि बीमालेख जारी गरिने व्यहोरा समेत सम्बन्धित सबैको लागि जानकारी गराईन्छ ।

| क्र.सं. | बीमालेख नं. | बीमितको नाम | ठेगाना |
|---|---|---|---|
| १. | Gli ०२३०००५७६ | शारादा देवी ओझा निरौला | मेचीनगर-३ ,झापा |
| २. | Gli ०२३०००७८६ | हिरा प्रसाद गौतम | मेचीनगर- ५,झापा |

## अर्जुनधारा नगरपालिका नगर कार्यपालिकाको कार्यालय कोशी प्रदेशको

### ७ दिने सूचना

सधियार पूर्व : श्री रुप नारायण सिटौला पश्चिमः श्री अनुषा रिजाल, उत्तरः बाटो दक्षिण : श्री कुसुम कार्कीको नाममा जारी गरिएको ।

साविक शनिश्चरे गा.वि.स. वडा नं. ८ हाल अर्जुनधारा नगरपालिका, वडा नं. ६ बस्ने श्री डम्बर बहादुर कार्की ले निजका नाममा दर्ता कायम रहेको तपसिल बमोजिम जग्गामा भवन निर्माण, नक्सा पास तथा निर्माण कार्यको अनुमति पाउँ भनी निवेदन तथा घर नक्सा पेश गर्नु भएकोमा तपाईं सधियारको उपस्थिति नरहेकोले स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ३१ को उपदफा (क) बमोजिम यो सूचना प्रकाशित गरिएको छ । ऊक्त विवरणमा कुनै हकदावी भए यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र आफ्नो प्रमाण सहित यस कार्यालयमा निवेदन पेश गर्नुहोला । म्यादभित्र कुनै दावी विरोध नभए कानुन बमोजिम भइजाने व्यहोरा समेत सुचित गरिन्छ ।

| जग्गा रहेको स्थान | सिट नं. | कित्ता नं. | क्षेत्रफल | नक्सा दर्ता | सूचना प्रकाशित मिति | सर्जमिन मिति |
|---|---|---|---|---|---|---|
| अर्जुनधारा-६ | - | १९२६७ | ०-०-१०.५० | १८२ २०८२/०४/२२ | २०८२/०५/०३ | २०८२/०४/२९ |

## सहारा नेपाल (साकोस) लि.

**मुल कार्यालय,बिर्तामोड न.पा.-२ चारपाने**

### पुराना सामान बिक्री सम्बन्धी बोलपत्र आव्हान

प्रथम पटक प्रकाशित मिति : २०८२/०१/२६

यस सहारा नेपाल बचत तथा ऋण सहकारी संस्था लि.मुल कार्यालय,बिर्तामोड-२, चारपाने, झापामा रहेका पुराना सामान बिक्री गर्नु पर्ने भएको हुदा इच्छुक ब्यक्ति,फर्म/संस्था वा कम्पनीबाट सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र कार्यालय समयमा बोलपत्र पेश गर्नु हुन आव्हान गरिन्छ । बोलपत्र पेश गर्ने अन्तिम दिन कार्यालय बिदा भएमा त्यसको भोलीपल्ट पेश गर्न सकिने छ ।
बिक्री गरिने सामानहरुको विवरण : पुराना ब्याट्री, स्क्यानर,स्टेपलाईजर, इन्भटर, यु.पि.एस., कम्प्युटर, प्रिन्टर, फोटोकपी मेसिन र फलाम टुक्रा तथा अन्य सामानहरु :
सामान बिक्री गर्ने न्युनतम दररेट सम्बन्धी विवरण :

| क्र.सं. | सामानको नाम | न्युनतम दररेट |
|---|---|---|
| १. | पुराना ब्याट्री | प्रति एम्पीयर रु. ४०।- |
| २. | पुराना स्टीलको दराज र कुर्सी | प्रति के.जी. रु. ५५।- |
| ३. | पुराना इन्भटर, स्टेपलाईजर, स्क्यानर, प्रिन्टर, कम्प्युटर र अन्य सामानहरु | प्रति के.जी. रु. ६५।- |
| ४. | गाडीको पुरानो टायर | प्रति के.जी. रु. १६।- |

**अन्य व्यवस्थाहरु :**
१) बोलपत्र ब्यक्ति, संघ, संस्था ,कम्पनी वा फर्मले पेश गर्न सकिनेछ ।
२) व्यक्तिले हस्त लिमित निवेदन वा फर्मको लेटर प्याडमा बोलपत्र प्रस्तुत गरिएको निवेदन लेख्नु पर्नेछ ।
३) बोलपत्र पेश गर्दा रु ५०००।- (अक्षरेपी : पाँच हजार मात्र) धरौटी रकम यस संस्थाको एक्सेल डेभलपमेन्ट बैंक, बिर्तामोड शाखा कार्यालयमा रहेको खाता नम्बर ००१००२००००३६६७००००२ जम्मा गरि उक्त भौचरको सक्कल प्रति संस्थामा बुझाउनु पर्नेछ
४) सबैभन्दा बढी रकम कबोल गर्नेलाई उक्त सामानहरु उपलब्ध गराईनेछ, अन्यको धरौटी रकम फिर्ता गरिनेछ ।
५) बोलपत्र स्वीकृतबाट सामान प्राप्त गर्ने फर्म वा व्यक्तिले सामानको सम्पूर्ण रकम सम्बन्धित बैंकमा जम्मा गरेको भौचर संस्थामा उपलब्ध गराएपछि मात्र संस्थाले सामान बाहिर लैजानको लागि गेट पास उपलब्ध गराउनेछ ।
६) ब्याट्री तथा अन्य सामान हेर्न चाहनेले यस संस्थाको मुल कार्यालयमा सम्पर्क गरी हेर्न सकिनेछ ।
७) समय नाघि वा रीत पुरा नगरी प्राप्त भएका बोलपत्रलाई मान्यता दिइने छैन ।
८) काटेशन स्वीकृत गर्ने, नगर्ने, रद्द गर्ने सम्पुर्ण अधिकार यस संस्थामा सुरक्षित रहनेछ ।
९) बोलपत्र पेश गर्ने फर्म भएमा फर्मको सम्पूर्ण आवश्यक प्रमाण-पत्रहरु बोलपत्रमा संलग्न हुनु पर्नेछ ।
१०) कोटेशन पेश गर्ने स्थान :
सहारा नेपाल बचत तथा ऋण सहकारी संस्था लि.को मुल कार्यालय बिर्तामोड -२, चारपाने, झापा

**सहारा नेपाल (साकोस) लि.**
**मुल कार्यालय,बिर्तामोड न.पा.-२ चारपाने**
**फो.न. ०२३-५३११९८, ५३३४०८**

असल संस्कार र समृद्धिका लागी एनएमसी

## नेपाल बहुउद्देश्यीय सहकारी संस्था लि.

कर्पोरेट कार्यालय : मेचीनगर-६, झापा, कोशी. १

### मसलन्द सामग्री छपाई सम्बन्धी कोटेशन आह्वान

**प्रथमपटक प्रकाशित मिति : २०८२।०५।०४**

नेपाल बहुउद्देश्यीय सहकारी संस्था लि. अन्तर्गत वचत तथा ऋण व्यवसायलाई निम्नानुसारको मसलन्द सामाग्री छपाई तथा खरिद गर्नुपर्ने भएको हुँदा मूल्यअभिवृद्धि कर (VAT) मा दर्ता भएका इच्छुक छापाखाना वा बिक्रेताहरुमा सिलबन्दी कोटेशन आह्वान गरिन्छ ।
मसलन्द सामग्री सम्बन्धी विवरण :

| क्र.स | सामग्रीको नाम | विवरण | आवश्यक परिमाण |
|---|---|---|---|
| १. | बल पेन कालो | ▪ Use and Throw | 1000 packet (20 pcs per packet) |
| २. | अनिवार्य बचत पासबुक | ▪ Size :6.5X4.5 inch.<br>▪ Print : Cover Page Multicolour, Insize Page Single Colour Paper Quality : Cover Page : 150 GSM, Inside = 70 GSM map litho paper | 20000 PCS. |
| ३. | A 4 SIZE फोटोकपी पेपर | ▪ Paper Quality : 70 GSM | 300 CARTOON |

१ माथि उल्लेखित सामाग्रीको नमूना प्राप्त गर्न संस्था संस्थाको स्टोर शाखा विर्तामोडमा सम्पर्क गर्नुपर्नेछ । सम्पर्क नं. : ९८५२६८९४२३
२ कोटेशन पेश गर्दा छपाई सँग सम्बन्धित प्रयोग गरिने कागजको नमूना वा यस भन्दा अघि नै यसै प्रकारको सामाग्री छपाई गरेको भए सोको नमूना संलग्न राखी उक्त नमूनामा उल्लेखित छपाई सामग्रीको क्र.स. उल्लेख गरी छापाखाना वा विक्रेताको तर्फबाट सहीछाप्गरी संलग्न राख्नु पर्नेछ ।
३ तोकएका सामाग्रीहरु संस्थाको विर्तामोड स्थित स्टोरमा डेलिभरी दिनु पर्नेछ ।
४ कोटेशन पेश गर्दा कोटेशन स्वीकृत गरी खरिद आदेश उपलब्ध गराएको कति दिन भित्रमा सामाग्री उपलब्ध गराउन सक्ने हो, सो समय अनिवार्य उल्लेख गर्नु पर्नेछ ।
५ कोटेशन पेश गर्ने विक्रेता वा छापाखानाले शिलबन्दी कोटेशन वचत तथा ऋण व्यवसायको प्रधान कार्यालय मेचीनगर-१३, चारआलीमा दर्ता गर्नुपर्नेछ ।
६ कोटेशन पेश गर्ने अन्तिम मिति २०८२/०५/११ गते बुधबार बेलुकी ५:३० बजे सम्म रहेको छ ।
७ म्याद गुज्रिएर प्राप्त भएको कोटेशन दर्ता गरिने छैन ।
८ कोटेशन पूर्ण स्वीकृत, आंशिक स्वीकृत वा अस्वीकृत गर्ने अधिकार संस्थामा निहित रहनेछ ।
९ कोटेशन सम्बन्धी अन्य थप जानकारीका लागि सम्पर्क : ९८५२६८९५२८

**- एनएमसी वचत तथा ऋण व्यवसाय**



## सम्पादकीय

# बहुविवाहको विवाद

**हाल नेपाल सरकारले संशोधन गर्न लागेको मुलुकी अपराध संहिता २०७४ को दफा १७५ मा भएको बहुविवाहसम्बन्धी व्यवस्थालाई संशोधन गर्न बनेको विधेयक चर्चामा छ। दफा १७५ (१) लाई हेर्ने हो भने 'विवाहित पुरुषले वैवाहिक सम्बन्ध कायम रहेको अवस्थामा अर्को विवाह गर्न हुँदैन' भन्ने व्यवस्थालाई परिमार्जन गरी 'विवाहित पुरुषहरू'ले भन्ने शब्दावलीको सट्टा 'कुनै पनि विवाहित व्यक्तिले' भन्ने शब्दावली राखिएको छ। यसको मतलब यो मस्यौदाले कानुनी मान्यता प्राप्त गर्ने हो भने अब नेपालमा बहुविवाहको छुट पुरुषसँगै महिला तथा अन्य कुनै पनि व्यक्ति विशेषले पाउनेछैन, जुन प्रंशसनीय छ। त्यति मात्रै होइन, यो मस्यौदाले कानुनी मान्यता पाएमा हाल समाजमा महिलालगायत अन्य लिंगको बहुविवाहको सम्बन्धमा उठिरहेका र उठ्न सक्ने सबै किसिमका प्रश्नको सहज जवाफ पनि दिनेछ। संशोधनले यस संहिताको १७५ (२) लाई पूर्ण रूपमा हटाएको छ। उपदफा (३), (४) र (५) बारे उल्लेख गर्नुपर्ने खास केही छैन। तर, हाल थप संशोधन गर्न लागिरहेका उपदफामा समेटिएका विषयलाई भने गम्भीरतापूर्वक हेर्न जरुरी छ। जुन हाल बहुचर्चित र विवादित पनि बनिरहेका छन्। यस उपदफामा कुनै पनि व्यक्ति विवाहित छ भन्ने जानीजानी सो व्यक्तिसँग बहुविवाह गरेमा सो व्यक्तिलाई एकदेखि पाँच वर्षसम्म सजाय हुने र निजसँगको विवाह स्वतः बदर हुने व्यवस्था गरेको छ। जुन यस दफामा संशोधन हुनुअघि पुरुषको हकमा मात्रै लागू थियो भने विवाहित महिलाले अविवाहित पुरुषसँग विवाह गरेमा यस दफामार्फत सजाय गर्न सकिन्नथ्यो। तर, अब सबैका हकमा यो कानुन आकर्षित हुने देखिन्छ। यस दफाविपरीत बहुविवाह भइसकेको रहेछ भने ती महिलालाई सो पुरुषबाट अंश दिलाइदिने गरी हाल बहुविवाहसम्बन्धी नयाँ कानुन ल्याउन सरकार लागिपरेको छ।**

**व्यक्तिहरूलाई कानुनबमोजिम दण्ड सजाय हुने तर बहुविवाहसँग सम्बन्धित फौजदारी कसुरबापत बहुविवाह गर्ने महिलाले बहुविवाह गरेबापत पुरस्कारस्वरूप अंश पाउनु न्यायसंगत हुँदैन। बहुविवाहलाई फौजदारी कसुर मानी एकदेखि पाँच वर्षसम्म कैद नै कायम हुने गरी नयाँ कानुन ल्याउन लागिरहेको छ। बहुविवाहलाई फौजदारी कसुर मानेर कसुरदारलाई सजाय गर्दागर्दै ती व्यक्तिबाट भएको कसुरलाई कसुरको रूपमा भने स्वीकार गर्न सकेको देखिँदैन। यस कानुनले विश्वको जुनसुकै कुनामा बनेको कानुनले पात्र कसुरदार तर कार्य कसुरजन्य नहुने भनेर व्याख्या पक्कै पनि गर्दैन र गरेको पनि छैन। फौजदारी कसुरको परिभाषा र सिद्धान्तमा पात्र कसुरदार र कार्य स्वागतयोग्य भन्ने हुँदैन। यसर्थ, कसुरजन्य कार्य गरेबापत व्यक्तिलाई पुरस्कार दिने गरी संशोधन गर्न लागिएको कानुनको औचित्य सरकारले कुनै तर्कमार्फत पनि पुष्टि गर्न सक्दैन।**




# सरकारी निकायको छवि



• रमेश घिमिरे

सरकार नाफामूलक संस्था होइन, यसले लाभ लागत अनुपात नहेरी जनकल्याणको क्षेत्रमा लगानी गर्नु पर्छ। यसले मार्केटिङ पनि गर्नु पर्दैन भन्ने बुझाइ धेरैमा रहेको छ। निजी कम्पनीले आफ्नो ब्रान्ड इमेज (छवि) बनाउन र उत्पादन (प्रोडक्ट) बेच्न विज्ञापन, प्रचारप्रसार र जनसम्पर्क गर्छन्। यो त सरकारका लागि झन् बढी आवश्यक छ। एउटा कम्पनीको छवि राम्रो भएन भने बजारमा विकल्प हुन्छ। सरकारको त्यस्तो सहज विकल्प हुँदैन। सरकारका जन्म दर्ता, विवाह दर्ता, बसाइँसराइ, नागरिकता, राष्ट्रिय परिचयपत्र, गरिबी परिचयपत्र, नाता प्रमाणपत्रलगायत कैयौँ प्रोडक्ट हुन्छन्। ती प्राप्त गर्न नसक्दा कैयौँ नेपाली अनागरिक जस्तै भएर बस्नु परेको छ। अधिकार र सुविधा उपयोग गर्नबाट वञ्चित भएका छन्।

कम्पनीले एक हजार रुपियाँदेखि एक रुपियाँसम्मको चकलेट बनाउँछन्। त्यस्तै सय रुपियाँदेखि एक रुपियाँसम्मको चाउचाउ बनाउँछन्। दुर्गमसम्म आपूर्ति पुर्‍याउँछन्। इच्छा हुनेले पैसाको अभावमा उपभोग गर्नबाट वञ्चित हुनु पर्दैन। हुने खानेले महँगो किन्छ, नहुनेले पनि सस्तो प्रोडक्ट बस्ती टोलमै प्राप्त गर्छ। निजी कम्पनीले नाफा कमाउन वा सबै वर्ग र स्थानका जनतालाई ग्राहक बनाउन सस्तादेखि महँगा प्रोडक्टको डिजाइन गरेका हुन्छन्। नाफा नलिई ब्रान्ड इमेज बनाउन वा सामाजिक उत्तरदायित्व पूरा गर्न पनि प्रोडक्ट डिजाइन र सप्लाइ गरेका हुन्छन्।

सरकारले पनि आफ्ना प्रोडक्ट धनी गरिब, सुगम दुर्गम सबै ठाउँका जनताको पहुँचमा पुर्‍याउनु पर्छ। निजी जस्तो पैसा तिरेर मात्र सरकारी सेवा प्राप्त हुँदैन। आधार, योग्यता र प्रमाण चाहिन्छ। त्यो जुटाउन नसक्ने जनताका लागि सहयोग गर्ने काम सरकारको हो। आवश्यक परे सरकारले कानुन परिवर्तन गरेर भए पनि आफ्ना प्रोडक्ट लिन जनतालाई तयार बनाउनु पर्छ। सरकारले तालिम, अनुदान, प्रोत्साहनका प्रोडक्ट ल्याउँछ। यसमा धेरैभन्दा धेरै सम्भावित व्यक्तिलाई जानकारी गराएर प्रतिस्पर्धा गराउनु पर्छ। अनि सबैभन्दा योग्यलाई वितरण गर्नु पर्छ। ताकि सरकारको खर्चको अधिकतम सदुपयोग होस्, एक रुपियाँ पाएको व्यक्तिले १० रुपियाँ बनाउन सकोस्। निजी कम्पनीको सोझो उद्देश्य आफ्नो वार्षिक उत्पादन, बिक्री र मुनाफा बढाउनु हो। सरकारको उद्देश्य देशको कुल गार्हस्थ उत्पादन, आफ्ना प्रोडक्टको पहुँच र राजस्व बढाउनु हो। सरकारमा नाफा शब्द उल्लेख नभए पनि राजस्व कमाउनु भनेको नाफा नै हो।

सरकारले सम्पत्ति, आम्दानी, प्रोडक्ट उत्पादन र उपभोगमा कर लगाउँछ। त्यसैले जनताको सम्पत्ति बढ्ने, आयआर्जन बढ्ने, उत्पादन बढ्ने र उपभोग बढ्ने काम गर्नु पर्छ। यी चिज जति बढ्छन्, सरकारको राजस्व उति धेरै बढ्छ। सरकारले गर्ने कामले जनताको आम्दानी बढ्ने र जनताको आम्दानी बढेपछि सरकारको पनि आम्दानी बढ्ने चक्र चल्दै जान्छ। कम्पनी कम्पनीबिच प्रतिस्पर्धा हुन्छ। दोस्रो कम्पनीभन्दा आफूले ग्राहकका लागि उपयोगी, आवश्यक र सहज हुने प्रोडक्ट डिजाइन गर्ने होड हुन्छ। एउटै सरकार हुँदा मन्त्रालय मन्त्रालय वा विभाग विभाग वा कार्यालय कार्यालयबिच प्रतिस्पर्धा हुन सक्छ। जस्तो कि फलानो मन्त्रालयले कति राम्रो गर्‍यो तर फलानोले त्यस्तो गर्न सकेन भनेर तुलना हुन सक्छ। काठमाडौँको मालपोत त्यस्तो तर इलामको यस्तो भनेर छवि निर्माणमा प्रतिस्पर्धा हुन सक्छ।

अहिले सात प्रदेश सरकार र ७५३ वटा स्थानीय सरकार भएकाले प्रतिस्पर्धाको राम्रो अवसर छ। काठमाडौँ उपत्यकाभित्रै काठमाडौँ महानगरपालिका, ललितपुर महानगरपालिका, भक्तपुर नगरपालिका, चन्द्रागिरि नगरपालिकाबिच जनताले तुलना गर्न सक्ने भएका छन्। जुन प्रदेश वा पालिकामा उद्योग व्यापार, कामकाज गर्न सहज हुन्छ, मानिसहरूले त्यहाँ बसाइँसराइ गर्ने वा उद्यम व्यवसाय सार्ने अवसर प्राप्त गर्छन्। जसरी निजी कम्पनीका ग्राहक सिफ्ट हुन्छन्, त्यसै गरी सरकारका ग्राहक पनि सिफ्ट हुन सक्छन्। नेपाल सरकारभन्दा अमेरिका, अस्ट्रेलिया वा क्यानडा सरकारको सेवा मन परेका कारण विदेशमा बसाइँसराइ गर्ने वा पेशा व्यवसाय गर्ने चलन चलेको हो। जनताले जहाँ राम्रो र सहज मान्छन्, त्यही सेवा लिन पुग्छन्। त्यसैले सरकारहरूले आफ्नो छवि र सेवा राम्रो बनाउन प्रतिस्पर्धा गर्नु पर्छ।

भिजन, मिसन निजी कम्पनीको मात्र होइन, सबै तहका सरकारको हुन्छ। त्यसलाई हासिल गर्न साना कम्पनीदेखि सरकारसम्मले रणनीति तय गर्नु पर्छ। रणनीति लागु गर्न क्षेत्रगत नीति, कार्यक्रम र क्रियाकलाप सेट गर्नु पर्छ। भिजन, मिसनसँग साना क्रियाकलाप पनि सङ्गतिपूर्ण छन् कि छैनन् भनेर परीक्षण गरिरहनु पर्छ। सही भिजन, मिसन सेट गर्ने र सोही अनुसार क्रियाकलाप डिजाइन गर्ने हो भने कारोबार वृद्धि गर्न र छवि निर्माण गर्न धेरै सहज हुन्छ। सङ्गतिपूर्ण शृङ्खला नेतृत्व, कर्मचारी र साझेदार पक्ष सबैले सहजै बुझ्न सक्छन् र स्वचालित रूपले कार्यान्वयन हुन्छ।

उच्च नेतृत्वले विज्ञ विद्वान्को सहयोग लिएर भिजन, मिसन सेट गर्ने हो। नेतृत्वले सो प्राप्तिका लागि रणनीति, नीति, कार्यक्रम तयार गर्ने हो। व्यवस्थापकले कार्यान्वयन गराउने र कर्मचारीले कार्यान्वयन गर्ने हो। साना कम्पनीदेखि सरकारसम्म हुने यही हो। जहाँ यो शृङ्खला सही ढङ्गले अन्तरआबद्ध हुन्छ, त्यही सफलता हात पर्ने हो। संस्थाभित्रको प्रणालीले नै बाहिर छवि निर्माण गर्ने हो। प्रचारप्रसार गरेर मात्र छवि राम्रो हुँदैन। जसले प्रत्यक्ष सेवा लिनु पर्दैन, उसले प्रचार सुनेर सकारात्मक मान्ला। तर ऊ जब ग्राहक बनेर संस्थामा प्रवेश गरेर कारोबार गर्छ। तब आन्तरिक प्रणाली जस्तो छ, त्यस्तै बुझ्छ। सेवा दिन नवीनतम प्रविधि अवलम्बन गरिएको, सेवा सहजै प्राप्त हुने, कर्मचारीको आचरण विनम्र छ भने मात्र सेवाग्राहीले राम्रो मूल्याङ्कन गर्छन्। ग्राहकलाई त्यो सेवा दिन संस्थाले अभिलेख व्यवस्थापन, कार्यविधि निर्माण, कार्यजिम्मेवारीको बाँडफाँट, अनुसन्धान र विकासको काममा निकै ध्यान दिएको हुनु पर्छ। यो सबै कार्य सरकारी वा निजी संस्थामा बराबर लागु हुन्छ।

संस्थामा उच्च नेतृत्व, नेतृत्व, व्यावस्थापक, कर्मचारी, ग्राहक, साझेदार सबैबिच सौहार्द अन्तरसम्बन्ध र सम्पर्क स्थापित भएको हुनु पर्छ। उनीहरूबिच असमझदारी र अन्तरद्वन्द्व हुन सक्छ। नीति, नियम, प्रणाली न्यायोचित नभएको कारण वा बुझाइमा कमी कमजोरीको कारण पनि यस्तो हुन सक्छ। सम्पर्क, संवाद र छलफलले यसलाई हल गर्छ।

सबैलाई जोड्ने एउटै हतियार भिजन, मिसन हुन्छ। नेतृत्व र व्यवस्थापकले आदेश दिने, साझेदारलाई कार्यादेश दिने, कर्मचारीले टेबुलमा आएका ग्राहकलाई सेवा दिने जस्तो लिनियर ढङ्गले संस्थाको विकास वृद्धि र छवि निर्माण हुँदैन। ग्राहकको गुनासो सुन्ने, तल्ला तहको समस्या बुझेर माथिल्ला तहले समाधान गर्ने, नजानेका विषय समकक्षीसँग पनि रायसल्लाह गरेर काम गर्ने संस्थाको व्यवहार र संस्कारले मात्र उद्देश्यमुखी बनाउन सक्छ।

ग्राहक विभिन्न सोच, मान्यता, धर्म, संस्कृति र क्षेत्रका हुन्छन् नै। कर्मचारी पनि एउटै सोच, योग्यता, क्षमता, मूल्यमान्यताका हुँदैनन्। कर्मचारीमा रहेको विविधता उपयोग गरेर सबैको सबल पक्ष जोडेर संस्थाको क्षमता बढाउने हो। बैठक, छलफल, तालिम आदि विधिबाट कर्मचारीबिच विविधतामा एकता कायम गर्ने हो। संस्थाको छवि र वृद्धि विकासमा नेतृत्वले मात्र होइन, तल्लो कर्मचारी र साझेदार बाहिरी पक्षले समेत गर्व गर्नु पर्छ। सरकार मात्र होइन, निजी कम्पनी पनि हरेक चरणमा प्रत्यक्ष मुनाफामुखी हुँदैनन्। पहिलो प्राथमिकता स्थायित्व, सन्तुलन र आन्तरिक सक्षमता हो। कुनै कम्पनीले एक वर्ष मुनाफा नकमाओस्, तर कम्पनीको विश्वास गुम्नु भएन। आन्तरिक नियन्त्रण प्रणाली मजबुत हुनु पर्‍यो ताकि मितव्ययी र प्रभावकारी कार्यसञ्चालन होस्।

निजी कम्पनीले टिक्न, छवि कायम गर्न र दिगो वृद्धि हासिल गर्न तत्काल घाटामा पनि केही कारोबार गर्छन्। सरकारले पनि अधिकांशत मुनाफामूलक परियोजना नै निर्माण गर्नु पर्छ। थोरै मात्र जनकल्याणका आयोजना निर्माण गर्ने हो। अन्य परियोजनाको लाभले त्यस्ता परियोजना निर्माण गर्ने हो। निजी क्षेत्र नाफामूलक भए पनि आफ्नो पुँजीको तीन चार गुणासम्म कर्जा लिएको हुन्छ। नाफा गर्दै कर्जा चुक्ता गर्ने हो। सरकारले पनि सार्वजनिक ऋण लिएर काम गर्नु पर्छ। ऋण रकम नाफामूलक र आर्थिक वृद्धिमा योगदान गर्ने आयोजनामा लगानी गर्ने हो, जसले गर्दा आगामी वर्षमा सरकारको आम्दानी बढ्छ। त्यसबाटै ऋण चुक्ता गर्ने हो।

दत्तचित्त भएर काम गर्ने नाफामूलक कम्पनीमा मात्र हो, सरकार नाफा गर्ने संस्था होइन, त्यसैले सरकारी संस्थामा त्यसरी काम गर्नु पर्दैन भन्ने सोचबाट मुक्त हुनु पर्छ। सरकार र निजी संस्था दुवैले तत्कालको मुनाफा वा लोकप्रियता होइन, दीर्घकालीन स्थायित्वमा विश्वास गरेर कार्य गर्नु पर्छ।

# समाजवादी दर्शनका स्वरूप



• वामदेव क्षेत्री (घिमिरे)

मानिस समाजमा बस्छ। समाजमा विभिन्न वर्ग हुन्छन्, वर्गका पनि विभिन्न पात्र र प्रवृत्ति अनुसार समाज सञ्चालनका नियमको खोजी भयो। व्यक्तिगत सम्पत्तिको जन्म भएपछि वर्ग र सत्ता जन्मिए। संघर्षलाई मत्थर गर्न सत्य खोजी गर्ने बहानामा धर्मलाई प्रचार गर्न थालियो। धर्मको कुरा मान्ने अथवा शासकको कुरा मान्ने आस्तिक भए भने नमान्नेका लागि नास्तिक भनिने दर्शनको जन्म भयो। श्रमिकमुक्ति शासनसत्ताको परिकल्पना मार्क्सले गरेकाले मार्क्सवादी दर्शन भनियो। यो भनिए पनि काल्पनिक समाजवादको खोजी गर्ने अन्य धेरै दार्शनिक भए।

मार्क्स सत्य, न्याय तथा सबै मानिसमा बराबरी भन्ने भावसहित जन्मेका सबै दर्शनले समाजवादको परिकल्पना गरे। समानताको न्याय र सबै मानिस बराबरी भन्ने विचारको सार समाजवादी दर्शन हो भन्ने पुष्टि भयो। समाजवादी दर्शन सत्य अन्वेषणको सिद्धान्त हो। अव्यवस्थाबाट सुव्यवस्थामा डोर्‍याउने गोरेटो पनि हो। हरेक मानिस सत्य चाहन्छ र समानताको कुरा गर्छ। त्यसैले समाजवाद भनेको यथास्थितिलाई परिवर्तन गर्ने सङ्घर्षको सिद्धान्त हो। सङ्घर्षको सिद्धान्त अनुसार विपरीत तत्वको एकता र सङ्घर्षको नियमका आधारमा क्रमभङ्गता रूपान्तरण पुनः सङ्घर्षका माध्यमबाट परिकल्पना पनि हो।

प्राकृतिक जीवजन्तुको उचित संयोजना गर्नु आवश्यक छ। मानिसका हात, खुट्टा, आँखा, नाक, कानलगायतका शरीरका अङ्गको काम फरक फरक भए पनि शरीरका लागि समान अस्तित्व हुन्छ। त्यसैले प्रकृति र जीवजन्तुबिच पनि घनिष्ट सम्बन्ध हुन्छ तर पनि क्षमताको खोजी गर्छ। हामी मार्क्सवाद पढ्नेले कसरी बुझेका छौँ भने ऐतिहासिक भौतिकवादको नियमका आधारमा राजनीतिक व्यवस्था आर्थिक, सामाजिक र सांस्कृतिक संरचनाको परिकल्पना हुन्छ।

मानव जीवजन्तुको गुणको संरक्षण



पनि सामाजिक मान्यताको समाजवादी दर्शन नै हो। दर्शनका कुरा गर्दा ज्ञान सिद्धान्तका मात्र कुरा हुन्छन्। सबै ज्ञानी, सबै जान्ने, सबैले स्थार्थ खोज्ने क्रममा स्वतन्त्र मानवले सङ्घर्ष गर्छ। सत्ता शक्तिको विरोध गरी आदर्शवादी कुरा गर्छ तर पछि सारमा भौतिक सेवा सुविधाका विषयमा जानु पर्दा व्यक्तिगत सम्पत्तिलाई नै सर्वोच्च रहेको विषयको पक्षपोषण गर्छ। जिन्दगीभर लडेको स्वार्थ खोजी नगर्ने विचार र व्यवहारमा अडिग मानिस मात्र सत्यको अन्वेषण गर्न र समाजलाई डोर्‍याउन सक्छ भन्ने सन्देश दिन समाजवादी दर्शनको व्याख्या हुन आवश्यक छ। समाजवादी दर्शनले समाजवाद नै स्वाधीनता हो भन्ने व्यवहारलाई पुष्टि गर्नु पर्छ।
समानताको समाज निर्माणमा जोड दिनुपर्ने, सामाजिक बन्धुत्वको समाज बनाउनु आवश्यक छ। खुस र समृद्धिको समाज निर्माण गर्दै, शान्तिपूर्ण समाजको व्यवस्थापन कल्पना समाजवादी चिन्तनले गरेको छ। यी सबैले उत्पादन पद्धतिलाई पनि परिवर्तन गर्छन्। हाम्रो मुलुक सुहाउँदो समाजवादी दर्शनको दृष्टिकोण के हो, संविधान सभाबाट घोषण भएको संविधान, सङ्घीयता, गणतन्त्र, समावेशी, समानुपातिक र धर्म निरपेक्षता आदि हुन्। हाम्रो देश भूपरिवेष्ठित मुलुक हो। त्यसैले प्रजातन्त्र बलियो हुँदा राष्ट्रियता कमजोर हुने राष्ट्रियता बलियो हुँदा प्रजातन्त्र कमजोर हुने गर्छ। अरू प्रणालीभन्दा फरक छ। त्यसको विशेषता हो सत्य र निष्ठा। मानिस ज्ञानको भोको छ, मानिस मूल्यमान्यता गुणस्तरीय जीवनका लागि सङ्घर्षशीलता, सिर्जनशील, प्रेमशील र नियमशील हुन सक्नु नै सत्यनिष्ठाको ठोस अभिव्यक्ति हो।

विवेक प्रेम (आफानास्पेभ विक्टर २०५४ पृष्ठ ७) दर्शनको चिन्तन पनि तत्कालीन समयको चेतना, बहुदार्शनिक विचारमा बाँडिएको हुन्छ। यस्तो परिस्थितिमा सर्वप्रथम विश्व परिवेशलाई मनन गरी चिन्तन गरिनु आवश्यक हुन्छ। अन्वेषणकै क्रममा पदार्थ प्रमुख भन्ने भौतिक विषयको अध्ययन गर्न वादी दर्शनको विकास भयो। दर्शनबारे सत्यको अन्वेषणका क्रममा भएका संसारका वर्ग सङ्घर्षको अनुभवबाट संसार कुनै अद्भुत व्यक्ति या समूहको उपदान होइन। संसार निर्माण तमाम श्रमजीवीले गरेका हुन् भनेर व्याख्या गरियो। दर्शन ब्रह्माण्ड, मानिस तथा सम्पूर्ण मानव जातिको नियमन गर्ने सर्वाधिक सामान्य नियमको अध्ययन गर्छ। त्यसले मानिस र समाज, मानिस र प्राकृतिक एकताको आधारको अध्ययन गर्छ। (उही) मानव समाज परिवर्तनशील छ। यो निम्न अवस्थाबाट उच्च अवस्थातिर अग्रसर हुन्छ।

समाज विकासक्रममा हरेक सामाजिक व्यवस्था आवश्यक छ। आफ्नो अवधि पूरा भएपछि त्यसले अर्को सामाजिक व्यवस्थाका लागि स्थान छोड्नु पर्छ। हरेक सामाजिक व्यवस्था, ऐतिहासिक आवश्यकताले मान्छ। विगतमा हरेक सामाजिक व्यवस्थाको जस्तै समाजवादको पनि आफ्नो ऐतिहासिक औचित्य वा महत्व छ। मानव समाजको विकासक्रममा आगामी चरण समाजवादको दर्शन नै हो। समाजवादले आजसम्म विभिन्न वर्गमा समाजको विभाजनलाई अन्त गर्ने छ। त्यसको स्थानमा समाजका सम्पूर्ण सदस्यबिच एकता स्थापित गर्ने छ। मानव जातिले आजसम्म आर्जन गरेको सम्पूर्ण सम्पदामाथि एउटा वर्गको एकाधिकारलाई अन्त्य गरेर त्यसलाई समाजका सम्पूर्ण सदस्यको हातमा सुम्पने छ। एउटा वर्गको समानता नै अर्को वर्गको विपन्नताको सर्त हुने अवस्थालाई अन्त्य गर्ने छ। त्यसको स्थानमा हरेकको स्वतन्त्र विकास सबैको स्वतन्त्र विकासको सर्त हुने अवस्था स्थापित गर्ने छ। तब मात्र मानव समाज बाध्यताको संसारबाट स्वतन्त्रताको संसारमा जाने छ, यही नै समाजवादी दर्शन हो।

दर्शनशास्त्रीको खोजी र अनुसन्धानमा केलाउँदा के प्रमाणित हुन्छ भने मोक्षप्राप्तिका कुरा हिमाली अनकन्टरको दर्शन हो। जैन, बौद्ध, योग, न्याय, मीमांसा दर्शनको सार राजनीतिशास्त्रको परिभाषा अनुसार राजनीति सबै नीतिको मूलनीति हो भन्ने भनाइ र राजनीतिले नै सबै दर्शन, धर्म मान्ने मानिसलाई डोर्‍याएको हुन्छ भन्ने नै हो। सारमा भन्नु पर्दा सबै धर्म र दर्शनको मूल जरो राजनीति हो। सबै शास्त्र राजनीतिमा घुमिरहेका हुन्छन्। हामीले बुझिआएको पूर्वीय दर्शनले पुरानो धर्म, संस्कृति समेटेको पाउँदैनौँ। केवल राज्यसत्ता वरिपरिका हिजोको संस्कृतिलाई समेटेको छ। वर्तमानमा खोजकर्ताले दर्शनको बाहुल रूप र एकत्वमध्ये यसभित्रका पुराना धर्म र नीतिको खोजतलास भइरहेको पाइन्छ।
अन्त्यमा समाजमा केही आँटिला, जाँगरिला र सत्य अन्वेषक जन्मेका छन्। जसले पुराना थोत्रा वा काम नलाग्ने हुँदै गएका मूल्यमान्यता र प्रणाली माथि प्रश्न गर्छन्। केवल प्रश्न मात्र गर्दैनन्, आलोचनात्मक दृष्टिकोणबाट नयाँ मान्यता, मूल्य प्रणाली र सौन्दर्य बोध अभिव्यक्त गर्छन्। उनीहरू नयाँ सत्यको उद्घाटन गर्छन्। नयाँ समाज, अर्थतन्त्र र राज्यव्यवस्थाको निर्माण गर्न सङ्घर्ष गर्छन्। त्यस्ता मानिसलाई तत्कालीन समाजले मूलधार वा राज्यव्यवस्थाले राम्रो नमानेको सहजै स्वीकार गरेको देखिन्न। जस्तै : बुद्ध हुन् वा क्राइस्ट, मार्क्स हुन् वा गान्धी, लिङ्क हुन् वा रुसो, ग्यालिलियो हुन् वा ब्रुनो सुकरात हुन् वा प्लेटो, यिनीहरू आआफ्ना समयका सनकी, लहडी, विद्रोही र फरक मानिस थिए। सत्य र निष्ठाका लागि तत्कालीन राज्य र समाजबाट अस्वीकृति भएका मानिस हुन्। प्रकारान्तरले यिनै मानिसको समाजमा ठुला चिन्तक, सन्त, वैज्ञानिक, सुधारक सङ्घर्ष र सिर्जनशीलताका आदर्श बने। समग्रमा भन्नुपर्दा सत्य अन्वेषणका रूपमा स्थापित भए। समाजको साबिक मूलधारभन्दा फरक मानिसलाई अविचलन हिँड्ने/हिँडाउन सक्ने तागत, ज्ञानको भोग, न्यायिक समाजको चाहना र सक्रिय निष्ठाबाहेक अन्य हुन सक्दैन। नेपालमा पनि यस्तै जाँगरिला आँटिला, ज्ञानका भोका र सत्यनिष्ठ व्यक्तिको खाँचो छ। जसले समाज रूपान्तरण गर्न सकोस्।

## थप नाका खोल्न माग

झापा(प्रस) । नेपाल समुद्रपार निकासी पैठारी संघले नेपाल-चीन व्यापार सहजीकरण लागि चीनतर्फका थप नाका खोल्न माग गरेको छ । बाढीपहिरोका कारण उत्तरतर्फका दुई व्यापारिक नाका रसुवागढी र तातोपानी वर्षायाममा बर्सेनि बन्द हुने गरेकाले चीनसँग स्थलमार्गबाट हुने व्यापारलाई सहज बनाउन अन्य नाका खुलाउनेतर्फ कूटनीतिक पहल र पूर्वाधारको व्यवस्था गर्न संघले माग गरेको हो ।

गत २४ असारमा आएको बाढीले नेपाल र चीन जोड्ने मितेरी पुल बगाएपछि रसुवागढी नाकाबाट मानिस र व्यापारिक सामानको आवागमन ठप्प भएको छ । बाढीपहिरोकै कारण सिन्धुपाल्चोकको तातोपानी नाका पनि दुई सातादेखि अवरुद्ध छ । प्राकृतिक प्रकोपका कारण अकस्मात नाका बन्द हुँदा नेपालका लागि आयात भएका मालसामान बोकेका सयौँ कन्टेनर र ट्रक बाटामै अलपत्र परेका छन् ।

चीनसँगको आयातनिर्यात सहज बनाउन अन्य नाका खोल्नु जरुरी रहेकाले कूटनीतिक पहलमार्फत ती नाका अविलम्ब सञ्चालनमा

❖ बाँकी अन्तिम पृष्ठमा

## गृहले गऱ्यो दुई अर्बभन्दा बढीको बेरुजु फस्र्योट

झापा(प्रस) । गृह मन्त्रालयले हालसम्मकै उच्च बेरुजु फस्र्योट गरेको छ । मन्त्रालयले गत आर्थिक वर्ष २०८१/८२ मा हालसम्मकै उच्च दुई अर्ब ३६ करोड १२ लाख ६३ हजार रुपियाँ बेरुजु रकम फस्र्योट गरेको जनाइएको छ । अघिल्लो आवमा गृह मन्त्रालय अन्तर्गत निकायमा कुल बेरुजु तीन अर्ब ७२ करोड ४५ लाख ८७ हजार रुपियाँ रहेको थियो ।

गृहमन्त्री रमेश लेखकले उक्त मन्त्रालयको नेतृत्व समाल्ने क्रममा नीतिगत, कानुनी तथा वित्तीय सुधारको घोषणा गरे अनुसार बेरुजु फस्र्योटलाई प्राथमिकता दिइएको थियो । गृह मन्त्रालय आर्थिक प्रशासन शाखाका प्रमुख उपसचिव खडानन्द अधिकारीले गत आवमा सम्परीक्षण तथा फस्र्योट प्रगति ६३.१७ प्रतिशत रहेको जानकारी दिँदै चालु आवमा एक अर्ब ४७ करोड ४५ लाख मात्रै कुल बेरुजु बाँकी रहेको र त्यसलाई पनि कार्ययोजना नै बनाएर फस्र्योट गरिने बताए ।

आव २०८१/८२ मा लेखा परीक्षण अङ्कका आधारमा बेरुजु ०.०९ प्रतिशतमा झरेको बताए । साथै उनले आव २०७८/७९ मा १.४१ प्रतिशत लेखा परीक्षण अङ्कको आधारमा बेरुजु रहेको पनि जानकारी दिए ।

मन्त्रालयले बेरुजु फस्र्योट समन्वयका लागि आन्तरिक व्यवस्थापन महाशाखाका प्रमुखको संयोजकत्वमा समिति गठन गरेको छ । समितिले बेरुजु लागतलाई अभिलेखीकरण गर्ने, नियमित कार्ययोजनाबमोजिम बैठक बसेर प्रगति समीक्षा गर्नेलगायतका काम निरन्तर गर्दै आएको छ ।

## कोरिया जान एक लाख तीन हजार आवेदन

झापा(प्रस) । सन् २०२५ मा रोजगार अनुमति प्रणाली (इपिएस) मार्फत दक्षिण कोरिया जानका लागि एक लाख तीन हजार जनाको आवेदन परेको छ ।

दक्षिण कोरिया सरकारको मानव संशाधन विभाग (एचआरडी) ले (इपिएस) अन्तर्गत सन् २०२५ मा कोरिया जानेका लागि पाँच हजार तीन सय जनाका लागि आवेदन माग गरेकोमा त्यो संख्यामा आवेदन परेको हो ।

इपिएस शाखाले कोरिया भाषा परीक्षाका लागि गएको साउन २६ गतेदेखि ३१ गतेसम्म आवेदन खुला गरेको थियो ।

## आंशिक प्राध्यापकहरुको आन्दोलन जारी

झापा(प्रस) । आंशिक प्राध्यापकहरूको मागलाई त्रिभुवन विश्वविद्यालयले बेवास्ता गरेपश्चात् सुरु भएको आंशिक प्राध्यापकहरूको चरणबद्ध आन्दोलन बुधबारसम्म जारी रहेको छ ।

आन्दोलनका कारण पाँच दिनदेखि क्याम्पसमा पठनपाठन पूर्णरुपमा



ठप्प रहेको छ । विश्वविद्यालयले गत वर्ष साउन १८ गते 'घ' वर्गको क्याम्पसमा कार्यरत आंशिक शिक्षकहरूलाई शिक्षण सहायकमा नियुक्ति गर्ने सम्पूर्ण प्रक्रिया पूरा गरेर पनि अहिलेसम्म नियुक्ति नदिएपछि आन्दोलन सुरु भएको थियो । क्याम्पसको ८० प्रतिशत पठनपाठन आंशिक प्राध्यापकहरुले सञ्चालन गर्दै आएका 'घ' वर्गका क्याम्पसमा आंशिक प्राध्यापकहरु नै आन्दोलित हुँदा पठनपाठन प्रभावित भएको हो । पठनपाठन सुचारु गर्न क्याम्पस प्रशासनले आन्दोलनरत प्राध्यापकहरुले छलफल गरेपनि माग सम्बोधन नहुन्जेलसम्म पेनडाउन गर्ने प्राध्यापकहरुको अडान रहेको छ ।

विश्वविद्यालयको प्रशासनले पटक-पटक आफूहरूलाई आश्वासन दिएपनि अझैसम्म मागहरू सम्बोधन नभएपछि आफूहरूले आन्दोलन गर्नु परेको भोजपुर बहुमुखी क्याम्पस भोजपुरका आंशिक प्राध्यापक संघर्ष समितिका संयोजक शक्तिराज राईले बताए । उनले भने, "साउन ३० गते हातमा कालोपट्टि बाँधेर विरोध गरेका थियौँ । क्रमशः भदौ १ देखि ५ गतेसम्म पेनडाउन गरेका छौँ । हाम्रो मागप्रति त्रिभुवन विश्वविद्यालय बेखबर अर्थात् बेवास्ता गर्दा यो अवस्था सृजना भएको हो । अझै विश्वविद्यालयको प्रशासनले माग पुरा नगरे आन्दोलनलाई थप सशक्त बनाउने तयारी छ ।" पठनपाठन ठप्प हुँदा क्याम्पसमा अध्ययनरत विद्यार्थीहरु अन्योलमा परेका छन् ।

गाउँबाट पढ्न सहर आएका विद्यार्थीहरु पठनपाठन ठप्प भएसँगै अब के गर्ने भनेर अलमलमा परेको भोजपुर बहुमुखी क्याम्पसका स्ववियुका सचिव जीवन राईले जानकारी दिए । क्याम्पसका प्राध्यापकहरूले आफ्नो अधिकारका लागि लड्दै गर्दा विद्यार्थीहरुको शैक्षिक अधिकार हनन् भएकोप्रति खेद व्यक्त गर्दै तत्काल समस्या समाधान गर्न सरोकारवाला निकायलाई आग्रह समेत गरे ।

उनले भने, "शैक्षिक क्यालेण्डर अनुसार नयाँ विद्यार्थी भर्ना, कक्षा सञ्चालन, लगायत शैक्षिक कार्यक्रमहरु सञ्चालन गर्नुपर्दछ यस विषयमा क्याम्पस प्रशासन तथा सरोकारवाला थप जिम्मेवार हुन आवश्यक छ ।"

भोजपुर बहुमुखी क्याम्पसमा व्यवस्थापन सङ्काय, शिक्षा शास्त्र सङ्काय तथा मानविकी र सामाजिक शास्त्र सङ्काय गरी तीन सङ्कायमा ६ सयबढी विद्यार्थी अध्ययनरत छन् ।

## साउनमा मात्र चौबिस अर्बको वैदेशिक लगानी प्रतिबद्धता




झापा(प्रस) । चालु आर्थिक वर्ष २०८२/८३ को पहिलो महिनामा २४ अर्ब रुपियाँ बराबरको प्रत्यक्ष वैदेशिक लगानी (एफडिआई) प्रतिबद्धता आएको छ ।

उद्योग विभागका अनुसार साउनमा दर्ता भएका १२७ परियोजनामार्फत २४ अर्ब १० करोड ४९ लाख ९५ हजार रुपियाँ लगानी प्रतिबद्धता आएको हो । यी परियोजनामार्फत आठ हजार दुई सयभन्दा बढीले रोजगारी पाउने बताइएको छ । साउनमा कृषिका तीन परियोजनामार्फत २० अर्ब ४५ करोड ५० लाख रुपियाँ लगानी प्रतिबद्धता आएको छ ।

विभागको विदेशी लगानी तथा प्रविधि हस्तान्तरण शाखाका प्रमुख प्रशान्त बोहोराले मासु उद्योगका लागि २० अर्ब लगानी आएकाले पनि साउनमा लगानी प्रतिबद्धता धेरै देखिएको जानकारी दिए । सिन्धुलीमा भैँसीको मासु प्रशोधन फ्याक्ट्री (प्रोसेस्ड कुक्ड बफेलो मिट फ्याक्ट्री) का लागि २० अर्ब रुपियाँ वैदेशिक लगानी स्वीकृत भएको छ । फ्याक्ट्री स्थापनाका लागि चीनको सिचुआन प्रान्तस्थित छेङ्दु जियान फुड कम्पनी लिमिटेड सो लगानी ल्याउन लागेको हो । पहिलो पटक फ्याक्ट्री स्थापनाका लागि एउटै परियोजनामार्फत ठुलो रकम स्वीकृत भएको हो ।

त्यस्तै पर्यटनका ४१ वटा परियोजनामा तीन अर्ब रुपियाँ लगानी प्रतिबद्धता आएको छ । यस्तै आठ सेवामूलक परियोजनामा ३३ करोड ५० लाख रुपियाँ र ७१ वटा सूचना प्रविधिमूलक परियोजनामा ३६ करोड ५२ लाख रुपियाँ लगानी प्रतिबद्धता आएको छ । यस्तै ऊर्जा क्षेत्रमा १८ करोड ४२ लाख र उत्पादनमूलक क्षेत्रमा १५ करोड ५० लाख रुपियाँ बराबरको विदेशी लगानी प्रतिबद्धता आएको विभागले जनाएको छ ।

### बढ्दो चिकित्सक पलायन

## नीतिगत सुधारको योजनामा सरकार



झापा(प्रस) । नेपालमा चिकित्सा पेसामा आकर्षण हुन छाडेको छ । न्यून तलब सुविधा, असुरक्षा, पढेको शुल्क उठ्न कठिन, रोजगार पाउन मुस्किल जस्ता समस्याले गर्दा चिकित्सा पेसामा आकर्षण हुन छाडेको हो ।

त्यति मात्र होइन, राम्रो सेवासुविधा भएका सरकारी अस्पतालमा कार्यरत चिकित्सकसमेत नेपालमा भविष्य नदेखेपछि युरोप, अमेरिका, अस्ट्रेलिया, बेलायत जस्ता देशमा पलायन हुन थालेका छन् । चिकित्सकलाई टिकाइराख्न सरकारसँग ठोस कार्ययोजना भने छैन । ३२ वर्षअघि ओएनएम भएको जनशक्तिले अहिलेसम्म स्वास्थ्य क्षेत्र टिकिरहेको छ । हालसम्म पनि ३२ वर्षअघिको दरबन्दी कायम छ । दरबन्दी नथपिँदा पनि चिकित्सक पलायनको बाटो रोज्न बाध्य छन् ।

नेपाल मेडिकल काउन्सिलका अनुसार विदेश जानका लागि गुड स्ट्यान्डिङ प्रमाणपत्र लिनेमा दुई हजार ६८१ जना छन् । तीमध्ये युके ५५०, अमेरिका ५८७, माल्दिभ्स ३८४, युएई २०५, अस्ट्रेलिया २५३, भारत १९२, क्यानडा ३८, जर्मनी १६, कतार १०, सिङ्गापुर नौ, डेनमार्क ३३, हङकङ ११, आयरल्यान्ड छ, साउदी तीन, ओमान ३६, अन्य राष्ट्रमा ५७ जना छन् । यो तथ्याङ्कले पनि नेपालबाट चिकित्सक पलायन भइरहेको देखाएको छ ।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका सचिव डा. विकास देवकोटाले चिकित्सकको पलायन रोक्नलाई सेवासुविधा बढाउनुपर्ने बताए । नेपाल चिकित्सक संघका अध्यक्ष अनिलविक्रम कार्कीले नेपालमा अत्यन्त न्यून सेवासुविधाका कारण चिकित्सक पलायन हुने क्रम बढेको बताएका छन् ।

### पशुरोग नियन्त्रण विधेयक मस्यौदा

## रोग लुकाए १ लाख जरिवाना, ३ महिना कैद

झापा(प्रस) । सरकारले पशुपन्छीमा लाग्ने रोग नियन्त्रणका लागि कडा कानुनी व्यवस्था प्रस्ताव गरेको छ । सरकारले तयार पारेको 'सङ्क्रामक पशुरोग नियन्त्रण गर्न बनेको विधेयक, २०८२' को मस्यौदामा पशुपन्छीको रोग लुकाउनेलाई पनि कडा सजायको प्रस्ताव गरिएको छ ।

संक्रामक रोगका कारण नेपालको कृषि तथा पशुपन्छी पालन क्षेत्रमा वर्षेनी अर्बौंको क्षति पुग्दै आएको छ । कृषि तथा पशुपन्छी विकास मन्त्रालयले विधेयकको मस्यौदा सर्वसाधारणको राय संकलनका लागि सार्वजनिक गरेको छ ।

विधेयकले रोगको सूचना लुकाउने, रोकथाममा बाधा पुऱ्याउने तथा सरकारी आदेशको उल्लंघन गर्नेलाई एक लाख रुपैयाँसम्म जरिवाना र तीन महिनासम्म कैदको व्यवस्था प्रस्ताव गरेको छ । यस्तै रोग नियन्त्रणका क्रममा पशुधन नष्ट गरिएमा पीडित किसानलाई राहत तथा क्षतिपूर्ति दिने व्यवस्थालाई समेत सुनिश्चित गरेको छ ।

विधेयकको परिच्छेद-५ मा कसुर र दण्ड सजाय सम्बन्धी कठोर प्रावधान राखिएका छन् । विधेयकको दफा ३१ अनुसार कसैले दफा ३ बमोजिम सङ्क्रामक पशुरोग सम्बन्धी सूचना लुकाएमा, दफा ४ विपरीत सर्भिलेन्स कार्यमा बाधा पुऱ्याएमा, दफा ५ बमोजिम शङ्कास्पद वस्तुको नमुना सङ्कलन




वा निरीक्षणमा अवरोध गरेमा, वा दफा ६ बमोजिम शङ्कास्पद वस्तु अलग्गै राख्ने आदेश पालना नगरेमा कसुर गरेको मानिनेछ ।

त्यसैगरी दफा १२ बमोजिम प्रतिबन्धित क्षेत्रमा पशु हाटबजार, मेला, प्रदर्शनी सञ्चालन गरेमा वा पशु ओसारपसार गरेमा र दफा १७ बमोजिम सङ्क्रमित परिसर तथा ढुवानीका साधनको सरसफाइ र निःसङ्क्रमण नगरेमा पनि त्यसलाई कसुर मानिनेछ ।

उक्त कसुरहरूका लागि दफा ३२ मा सजायको व्यवस्था गरिएको छ । जसअनुसार रोगको सूचना लुकाउने, सर्भिलेन्स वा ऱ्यापिड रेस्पोन्स टोलीको कार्यमा अवरोध गर्नेलाई १० हजार रुपैयाँसम्म जरिवाना हुनेछ । शङ्कास्पद वस्तुको नमुना सङ्कलनमा अवरोध गर्ने वा सङ्क्रमित परिसर सफा नगर्नेलाई २० हजार रुपैयाँसम्म जरिवाना तोकिएको छ । शङ्कास्पद वस्तुलाई अलग्गै राख्ने आदेश नमान्नेलाई २५ हजार रुपैयाँसम्म जरिवाना वा तीन महिना कैद वा दुवै सजाय हुन सक्नेछ । विधेयकको सबैभन्दा कडा प्रावधान प्रतिबन्धित क्षेत्रमा पशु हाटबजार सञ्चालन वा पशु ओसारपसार गर्ने जस्तो गम्भीर कसुरमा एक लाख रुपैयाँसम्म जरिवाना वा तीन महिना कैद वा दुवै सजाय हुन सक्ने व्यवस्था प्रस्ताव गरिएको छ ।

विधेयकले दण्डको मात्र व्यवस्था नगरी पीडित किसानलाई राहत तथा क्षतिपूर्तिको सुनिश्चितता पनि गरेको छ । परिच्छेद-४ अन्तर्गतको दफा २७ मा सङ्क्रामक पशु रोग नियन्त्रण गर्ने उद्देश्यले आधिकारिक निकायको आदेश बमोजिम नष्ट गरिएका पशु वा पशुजन्य वस्तुको नोक्सानीबापत सम्बन्धित पशुधनीलाई राहत प्रदान गरिने व्यवस्था छ । यो राहत नेपाल सरकारले निर्धारण गरेको मापदण्ड बमोजिम हुनेछ र यसले किसानहरूलाई रोग लुकाउनुको सट्टा तत्काल जानकारी दिन प्रोत्साहित हुने मस्यौदामा उल्लेख रहेको छ ।

सुपर काईनेटिक एक्सप्रेस कुरियर

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय चिठि, पत्र, पार्सल पठाउन परे हामिलाई सम्झनुहोस् ।

बिगत ३ दशकदेखी अनुभवी तथा विश्वासिलो एकमात्र कुरियर

सम्पर्कः
फोनः ०२३-५४०४७८
मोः ९८५२६७७३५५
बिर्तामोड (सिटि सेन्टर), झापा, अदुवा खोला छेउ

वर्गीकृत विज्ञापन संकलन केन्द्रहरू :

चन्द्रगढी, भद्रपुर
लोकबहादुर कुँवर : ९८४२६८३९९६
द्रोण अधिकारी : ९८४२६२८७९१

दमक
विष्णु सुब्बा : ९८५२६७०१३७
देविबहादुर बस्नेत : ९८१७९२४६२१

मेचीनगर
चारआली : ९८४२७०३०१३
गोबिन्द घिमिरे :
९८१५९५०१५०

उर्लाबारी
रुपेन्द्र शेर्मा : ९८४२०९२४०६
विराटनगर
क्रिएटिभ आईः ०२१-५२५६१[illegible]

इलाम, मंगलबारे
रणवीर लिम्बू
९८१६९८४७५७

काकँरभिट्टा
फ्रेन्डसिप पुस्तक पसल
०२३-५६२४२४

झापा बजार
बरत राजवंशी
९८१७०४९००१

## आजको राशिफल

**मेष:** भनेको कुराको विपरीत अर्थ लाग्नसक्छ । स्वास्थ्यमा गडबडी भई कामकाजमा असर

**वृष:** भगवानको आशीर्वादले भने काम बन्नसक्छ । लगनशीलताले बिभिन्न अवसर दिलाउनेछ

**मिथुन:** रमाइलो यात्रा गर्ने अवसर प्राप्त हुनेछ । आकस्मिक धन लाभ हुनेछ ।

**कर्कट:** मिहिनेत गर्दा अधिक प्रगति हुनेछ । तर अरुको भलाइका लागि दौडधुप गर्नु पर्नेछ

**सिंह:** दैनिक कामहरु सन्तोषजनक ढंगले सम्पन्न हुनेछन् ।

**कन्या:** आज सामाजिक तथा धार्मिक कार्यमा रुचि बढ्नेछ । नयाँ वस्त्र एवं अलङ्कारको प्राप्ति

**तुला:** सामान हराउने वा चोरी हुने सम्भावना छ ।

**वृश्चिक:** दैनिकी काममा चुनौतीको सामना गर्नुपर्ला । कतिपय राम्रा अवसरहरू प्राप्त हुनेछन् ।

**धनु:** आज नयाँ र शुभ समाचार सुन्न पाइएला । मनमा हर्ष, उमङ्ग र उत्साह छाउनेछ ।

**मकर:** आज सुन्दर पहिरनले व्यक्तित्वमा निखारता ल्याउनेछ । जोशजाँगर र हिम्मत पनि

**कुम्भ:** कला र गलाको प्रभाव बढ्नेछ । वैदेशिक कार्य पनि अघि बढ्नेछ ।

**मीन:** सामाजिक क्षेत्रमा सफलता मिल्नेछ । गरेका कामबाट धेरैलाई फाइदा पुग्न सक्छ